# बर्दघाट नगरपालिका

## नवलपरासी (बर्दघाट सुस्ता-पश्चिम)

## लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

| खण्ड:१ | अङ्क: २ | श्रावण १९ गते २०८३ साल | सङ्ख्या:२ |
|---|---|---|---|


भाग:

## “बर्दघाट नगरपालिकाको सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन (पहलो संसोधन) मापदण्ड २०८३”

बर्दघाट नगरपालिकाको सार्वजनिक विद्यालय तह मिलान तथा शिक्षक व्यवस्थापन (पहलो संसोधन) मापदण्ड २०८३ संसोधन गर्न बाञ्छनीय भएकोले देहायका विषयहरू संसोधन गरिएको छ।

१. **<u>मुल दफा २ मा संसोधन</u>:** मुल दफा २ को खण्ड (घ) पछि देहायबमोजिम खण्ड (ङ) थप गर्ने:

१. खण्ड ङ) “शिक्षक व्यवस्थापन” भन्नाले सार्वजनिक विद्यालय समायोजन वा शिक्षक दरबन्दी मिलानको क्रममा हुने शिक्षक स्थानान्तरण सम्झनु पर्दछ।

२. **<u>परिच्छेद-२ को परिच्छेद शीर्षकमा संसोधन</u>:** परिच्छेद-२ को शीर्षकमा रहेको “विद्यालयको तह मिलानका आधारहरूको” सट्टा “विद्यालयको तह मिलान तथा शिक्षक व्यवस्थापनका आधारहरू” भन्ने शब्दहरू राख्ने।

३.  **<u>मुल दफा ८ मा संसोधन:</u>** मुल दफमा रहेको "तह मिलान" भन्ने शब्द पछि "वा दरबन्दी मिलान" भन्ने शब्द थप गर्ने।

४. **<u>मुल दफा ८ को उपदफामा संसोधन</u>**: देहायबमोजिम उपदफा १, २, ३, ४, थप गर्ने, उपदफाको क्रम र उपदफामा संसोधन गर्ने।

क) उपदफा १) नगर भरीका सार्वजनिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको सङ्ख्या र शिक्षक दरबन्दीको अनुपातलाई तहगत रुपमा यकिन गर्ने।

ख) उपदफा २) तहगत विद्यार्थी शिक्षक अनुपातअनुसार कक्षागत तथा विषयगत आधारमा तल्लो तहमा बढी हुने शिक्षक दरबन्दीलाई सोही विद्यालयको माथिल्लो तहमा पुलको रुपमा लैजाने र यसरी पुलमा राख्दा पनि विद्यालयमा बढी हुन आउने शिक्षक दरबन्दीलाई विद्यालयको खुद पुल दरबन्दी कायम गरी नगर भित्रको अर्को विद्यालयमा स्थानान्तरण

ग) उपदफा ३) चालु शैक्षिक सत्रको शिक्षक विद्यार्थी अनुपातका आधारमा सोही शैक्षिक सत्रको अन्त्यमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको निर्णय गर्नुपर्ने। तर विशेष अवस्थामा कार्यपालिकाले आवश्यक ठानेमा जुनसुकै वेलामा विद्यालको पठनपाठनमा असर नहुने गरी दरबन्दी मिलान गर्न सक्नेछ।

घ) उपदफा ४) शिक्षक र दरबन्दी मिलान गर्दा आधारभूत तह कक्षा १-५ सम्मका शिक्षक विद्यार्थी अनुपात कम भएका र समायोजन हुन नसकेका विद्यालयमा एक कक्षा एक शिक्षक व्यवस्थापनलाई प्राथमिकता दिने।

ङ) उपदफा १, २, ३, ४ र ५ लाई संसोधन पछि क्रमश उपदफा ५,६,७,८,९ कायम हुने गरी क्रम मिलाउने ।

च) उपदफा ८ मा संसोधन: उपदफा (८) मा रहेको निवेदन दिने शिक्षकको हकमा पछि "अपाङ्गता भएका" थप गर्ने।

आज्ञाले,

बाबुराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत